आर्थिक वर्ष : २०८०/८१
बैठक संख्या :१८

आज मिति २०८१/०३/०८ गतेका दिन विरुवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा गाउँकार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति:**

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य.
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्मा देवी थापा सदस्य
श्री इन्दिरा पोख्रेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला विं.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

**अन्य उपस्थिति**

श्री पिताम्बर पोख्रेल प्रशासकीय अधिकृत
श्री दिपक ढुंगाना प्रशासन सहायक
श्री शंकर चापागाई आर्थिक प्रशासन शाखा प्रमुख
श्री वालकृष्ण पौडेल कम्प्युटर अपरेटर

CamScanner

**प्रस्ताव नं. १** मिति : २०८१/०३/०८

विरुवा गाउँपालिकाको मध्यमकालीन खर्च संरचना स्वीकृती सम्बन्धमा।

**निर्णय नं. १**

विरुवा गाउँपालिकाको मध्यमकालीन खर्च संरचना निर्माण कार्यदलले कार्यपालिका समक्ष पेश गरेको आ.व. २०८१/८२-२०८३/८४ सम्मको मध्यमकालीन खर्च संरचनाको खाका स्वीकृत गरी गाउँसभाको १५ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २**

विरुवा गाउँपालिकाको आर्थिक विधेयक २०८१ स्वीकृती सम्बन्धमा।

**निर्णय नं. २**

विरुवा गाउँपालिकाको आर्थिक विधेयक, २०८१ स्वीकृत गरी गाउँसभाको १५ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३**

विरुवा गाउँपालिकाको विनियोजन विधेयक २०८१ स्वीकृती सम्बन्धमा।

**निर्णय नं. ३**

विरुवा गाउँपालिकाको विनियोजन विधेयक, २०८१ स्वीकृत गरी गाउँसभाको १५ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४**

विरुवा गाउँपालिकाको आ.व. २०८१/८२ का बजेट, योजना तथा कार्यक्रम सम्बन्धमा।

**निर्णय नं. ४**

विरुवा गाउँपालिकाको आ.ब. २०८१/८२ को बजेट, योजना तथा कार्यक्रम स्वीकृत गरी गाउँसभाको १५ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५**

विरुवा गाउँपालिकाको चालु आ.व.मा कार्यान्वयन भई भुक्तानी हुन नसकेका योजनाहरुको दायित्व भुक्तानी सम्वन्धमा।

CamScanner

**निर्णय नं. ५**

विरुवा गाउँपालिकाको चालु आ.ब. २०८०/८१ मा नियमानुसार सम्झौता भई कार्यान्वयन भएका तर संघिय सरकारबाट प्राप्त हुनुपर्ने तोकिएअनुरुपको संघिय समानीकरण अनुदान प्राप्त नभएका कारण भुक्तानी हुन नसकेका योजना तथा कार्यक्रमहरुको दायित्व भुक्तानीका आगामी आ.व.मा गर्नेगरी आवश्यक बजेटसहित दायित्व भुक्तानीका सार्नका लागि गाउँसभाको १५ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६**

विरुवा गाउँपालिकाको आ.व. २०७९/८० को अन्तिम लेखापरिक्षण प्रतिबेदनमाथी छलफल सम्बन्धमा।

**निर्णय नं. ६**

विरुवा गाउँपालिकाको आ.व. २०७९/८० को अन्तिम लेखापरिक्षण प्रतिबेदनमाथी छलफल गरीयो साथै उक्त प्रविवेदनमाथी थप छलफलका लागि १५ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७**

उत्कृष्ट कर्मचारी छनौट तथा सम्मान सम्बन्धमा।

**निर्णय नं. ७**

विरुवा गाउँपालिका कार्यालय र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन गर्ने उदेश्यले उत्कृष्ट कर्मचारी सम्मान गर्ने गाउँपालिकाको नीति अनुरुप उत्कृष्ट कर्मचारी छनौट गरी सम्मान गर्ने सर्वसहमतिले निर्णय गरियो ।साथै उत्कृष्ट कर्मचारी छनौट गर्नका लागि गाउँपालिका उपाध्यक्षको नेतृत्वमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र कार्यपालिका सदस्य मेखराज गुरुङ सदस्य रहने गरी एक छनौट समिति गठन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**प्रस्ताव नं. ८**

एकगाउँ एक पशु प्राविधिक, एम.आई.एस अपरेटर र फिल्ड सहायक लगायतको तलब साझेदारी सम्बन्धमा।

**निर्णय नं. ८**

यस विरुवा गाउँपालिका अन्तर्गत कार्यरत एकगाउँ एक पशु प्राविधिक, एम.आई.एस अपरेटर, फिल्ड सहायक लगायत शशर्त कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीहरुको नियमानुसारको गाउँपालिकाले साझेदारी गर्नु पर्ने तलब रकम गाउँपालिका स्तरीय चालु तर्फको अन्य सेवा शुल्क रकम शीर्षकबाट साझेदारी गर्ने गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

CamScanner